# धितोपत्र दर्ता तथा निष्काशन अनुमति निर्देशिका, २०५७

**प्रस्तावनाः** संगठित संस्थाहरुले सार्वजनिकरुपमा निष्काशन गर्न प्रस्ताव गरेको धितोपत्रहरुको दर्ता तथा निष्काशन अनुमति प्रदान गर्ने प्रकृयालाई सरल, पारदर्शी तथा व्यवस्थित बनाई संगठित संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गर्न प्रोत्साहित गर्न तथा लगानीकर्ताले सहज ढंगले जानकारी तथा सूचना प्राप्त गरी लगानी सम्बन्धी निर्णय लिन सक्ने अवस्था श्रृजना गर्न आवश्यक भएकोले धितोपत्र कारोबार ऐन, २०४० को दफा ३५क. ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद : १
## संक्षिप्त नाम तथा प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "धितोपत्र दर्ता तथा निष्काशन अनुमति निर्देशिका, २०५७" रहनेछ ।
(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद : २
## धितोपत्र निष्काशन गर्न सक्ने अवस्था

२. **धितोपत्र सार्वजनिक निष्काशन गर्न पूरा गर्नूपर्ने अवस्थाहरु :**

धितोपत्र बोर्डमा आफ्नो धितोपत्र दर्ता गराई निष्काशन अनुमति-पत्र प्राप्त गर्न चाहने संगठित संस्थाले देहायका अवस्थाहरु पूरा गरिसकेको हुनुपर्नेछ ।

#(१) आफ्नो उद्देश्य अनुरुपको कारोबार सञ्चालन अवधिको कम्तिमा एक वर्ष पूरा भएको र सो अवधिको लेखापरीक्षण गरिएको वासलात र नाफा नोक्सान हिसाब सार्वजनिक रुपमा प्रकाशित गरिसकेको हुनुपर्नेछ ।

तर देहायको अवस्थामा बोर्डले यो प्रावधान लागू नहुने गरी छुट दिन सक्नेछः

१. लेखापरीक्षण गरिएको विवरण अनुसार लगातार दुई वर्ष खुद मुनाफा गरेका स्वदेशी वा विदेशी संगठित संस्थाले प्रबर्द्धन गरेको संगठित संस्थाको हकमा,
२. कानूनी रुपमा सार्वजनिक निष्काशन गर्नुपर्ने गरी स्थापित बैंक, वित्तीय तथा बीमा व्यवसाय गर्ने संगठित संस्थाको हकमा,
३. कम्तीमा दुई वर्ष व्यवसायिक सञ्चालनमा रही लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब प्रकाशित गरेका सरकारी संस्थान वा प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भएका संगठित संस्थाको हकमा,

#1(१क) आफुले गर्ने व्यवसायसँग सम्बन्धित नियमन व्यवस्था तथा नियमन निकायले दिएको निर्देशन (Regulatory Directives) हरुको पालना (compliance) गरेको,

---

# बोर्डको मिति २०५८।४।१६ को बैठकबाट संशोधित
#1 बोर्डको मिति २०६१।३।७ को बैठकबाट थप

(२) धितोपत्र निष्काशन गर्न चाहाने संगठित संस्था उत्पादनमूलक भएमा उपदफा (१) मा उल्लेखित अवस्थाको अतिरिक्त देहायका अवस्था पूरा गरिसकेको हुनुपर्नेछ :-

(क) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण गर्न योग्य हुने गरी जग्गा विकास गरिसकेको,

(ख) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदी खरीद गर्नुपर्ने भएमा खरीद प्रकृया अगाडि बढाई सकेको,

(ग) संगठित संस्थाले सञ्चालन गर्ने परियोजनामा लाग्ने लागत निश्चित गरी बैंक तथा वित्तीय संस्थाबाट आवधिक ऋण (Term Loan) लिने भएमा सम्बन्धित वित्तीय संस्थाले परियोजना मूल्याङ्कन गरी ऋण दिन मन्जुर गरिसकेको,

(घ) प्रचलित कानून बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट स्विकृती वा अनुमति लिनुपर्ने भएमा त्यस्तो स्वीकृति वा अनुमति लिइसकेको,

(३) धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्था, बैंक, वित्तीय संस्था, बीमा, व्यापार वा अन्य सेवा सम्बन्धी संस्था भएमा उपदफा (१) का अतिरिक्त निम्नानुसारको पुर्वाधार पुरा भएको हुनुपर्नेछ :-

(क) धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले सञ्चालन गर्ने ब्यवसायको लागि संस्थाको मुल प्रकृति अनुसार आवश्यक पर्ने पुर्वाधारहरु (कार्यालय, मेशिन, उपकरण, जनशक्ति) तयार भैसकेको,

(ख) संगठित संस्थाले गर्ने मूख्य कार्य सञ्चालनको लागि प्रचलित कानुन बमोजिम लिनुपर्ने इजाजत, अनुमति-पत्र वा स्वीकृति प्राप्त गरिसकेको,

(४) संगठित संस्थाले अग्राधिकार शेयर जारी गर्ने भएमा संगठित संस्थाको नियमावलीमा देहाय अनुसारको गर्न सकिने व्यवस्था रही तत्सम्बन्धी विस्तृत विवरण विवरणपत्रमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ :-

(क) अग्राधिकार शेयरको रकम फिर्ता हुने वा नहुने (Redeemable/Ir-redeemable), फिर्ता हुने भएमा भुक्तानी अवधि, अग्राधिकार शेयरमा दिइने लाभांश दर र संचयशील हुने/नहुने (Cumulative/Non Cumulative), साधारण शेयरमा परिवर्तन हुने/नहुने, यदि परिवर्तन हुने भएमा परिवर्तनको अनुपात, मूल्य, अवधिका साथै परिवर्तन सम्बन्धी अन्य व्यवस्था र त्यस्तो अग्राधिकार शेयरवालाहरुले मताधिकार प्रयोग गर्न पाउने अवस्था र पुर्वनिर्धारित शर्तमा परिवर्तन नहुने कुरा,

(ख) संचयशील अग्राधिकार शेयरमा तोकिएको लाभांशमध्ये सम्पूर्ण वा आंशिक रुपमा कुनै वर्ष भुक्तानी हुन नसकी बाँकी रही संचय हुन गएमा त्यसरी संचय भई भुक्तानी गर्न बाँकी रहन गएको रकम वापतको दायित्व सम्बन्धित वर्षको हिसाब किताबमा समावेश गरी सम्बन्धित लगानीकर्ताहरुलाई सूचित गर्ने तथा त्यस्तो दायित्व आगामी वर्षहरुको नाफाबाट भुक्तानी दिने व्यवस्था,

(ग) अग्राधिकार शेयर बापतको रकम सो शेयरको विमोच्य गर्नुपर्ने अवधि समाप्त भएको एक महिनाभित्र बाँकी लाभांश सहित फिर्ता भुक्तानी गरिने व्यवस्था तथा कथंकदाचित अग्राधिकार शेयर वापतको भुक्तानी दिनुपर्ने रकम तथा त्यसमा दिनुपर्ने लाभांश उक्त अवधिभित्र पनि भूक्तानी नभएमा र साधारण शेयरमा परिणत नहुने भएमा त्यसरी बाँकी रहेको सम्पूर्ण रकमलाई ऋण सरह मानी उक्त अवधि नाघेको मितिदेखि श्री ५ को सरकारले जारी गरेको पछिल्लो ऋणपत्रमा दिने व्याजदर भन्दा तीन प्रतिशत थप गरी हुन आउने दर भन्दा कम नहुने गरी ब्याज समेत भुक्तानी दिने व्यवस्था,

(५) साधारण शेयर सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले हकप्रद शेयर (Right Share) जारी गर्ने भएमा निम्न अवस्था पूरा भएको हुनुपर्नेछ :-

(क) हकप्रद शेयर निष्काशन गर्न अघि निष्काशन भै सकेको शेयरको अंकित मूल्य पूरा चुक्ता भैसकेको,
(ख) धितोपत्र बजारमा धितोपत्र सुचीकरण भैसकेको,

(६) संगठित संस्थाले ऋणपत्र (Debenture) जारी गर्ने भएमा विवरणपत्रमा ऋणपत्र निष्काशन गर्नाको उद्देश्य, जारी गरिने ऋणपत्रबाट प्राप्त रकम उपयोग गरिने कार्य, ऋणपत्रको अवधि, व्याजदर, व्याज भुक्तानी गर्ने समय, अवधि, स्थान र तरीका स्पष्ट उल्लेख गरी देहायको अवस्था र शर्तहरु समेत पुरा गरेको हुनुपर्नेछ :-

(क) संगठित संस्थाको सम्पत्तिको सुरक्षणमा ऋणपत्र जारी गरिने भएमा त्यस्तो सम्पत्ति सम्बन्धित विशेषज्ञबाट मुल्याङ्कन गराई सकेको,
(ख) ऋणपत्रमा दिइने व्याजदर सहित नेपाल राष्ट्र बैंकबाट आवश्यक स्वीकृति प्राप्त गरेको,
(ग) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको प्रथम हक (First Right) हुने हो वा दोश्रो हक (Second Right) हुने हो स्पष्ट गरिएको र दोश्रो हक हुने भएमा अघिल्लो हकवालाहरु वा समूहको नाम तथा रकम विवरणपत्रमा उल्लेख गरिएको,
(घ) साधारणतया ऋणपत्रको अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात ७०:३० भन्दा बढी हुने गरी पूँजी संरचना परिवर्तन नगरिने प्रतिवद्धता गरिएको, तर सो भन्दा बढी अनुपात हुने भएमा अनुपात उल्लेख गरी सो उचित मान्न सकिने आधारहरु खुलाइएको ।
(ङ) ऋणपत्र जारी गर्दा ट्रष्टीको ब्यवस्था गरेको भएमा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trust Deeds) मा प्रचलित कानून बमोजिम लगानीकर्ताको हित अनुकूलका प्रावधान रहेको,
(च) शेयरमा परिणत हुने बिशेषता भएको ऋणपत्र जारी गर्ने भएमा कम्पनी ऐनको दफा ५२ अनुसार निर्णय गरी विवरणपत्रमा सम्बन्धित ऋणपत्र परिवर्तनशिल भएको कुरा स्पष्ट उल्लेख गरी ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति निश्चित गरी मताधिकारको सम्बन्धमा समेत विवरणपत्रमा उल्लेख भएको,
[#](छ) संगठित संस्थाको सम्पत्तिमा दोश्रो हक कायम हुने ऋणपत्र निष्काशन गर्दा संगठित संस्थाको सम्पत्तिमा दोश्रो हक कायम भई उठाइने ऋण नेटवर्थ (Networth) को ५०% भन्दा बढी नभएको ।

---

[#] बोर्डको मिति २०५९।१।१९ को बैठकबाट संशोधित तथा सोही बैठकबाट दफा २ को उपदफा ७ को खण्ड (ख) मा रहेको स्पष्टीकरण खण्ड हटाइएको ।

स्पष्टिकरण: नेटवर्थ भन्नाले शेयरको चुक्ता मुल्य तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमुल्याकंनबाट श्रृजित कोष बाहेक) को कुल जोडमा सञ्चीत नोक्सानीको कुल रकम र अपलेखन नगरिएको स्थगन तथा विविध खर्चहरु (Deferred expenditure and miscelleneous expenses not written off) घटाई बाँकी रहन जाने मुल्यलाई जनाउँदछ ।

(ज) रकम फिर्ता हुने ऋणपत्र (Redeemable Debenture) जारी गरिने भएमा ऋणपत्रको रकम फिर्ता गर्न ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redeemption Reserve Fund) को व्यवस्था गरिने प्रतिवद्धता गरिएको ।

(७) संगठित संस्थाले प्रिमियममा शेयर निष्काशन गर्ने भएमा निम्न अवस्था पुरा भएको हुनुपर्नेछ :-

(क) अघिल्लो दुई वर्षको लेखा परीक्षण भएको वित्तीय विवरणहरु अनुसार प्रत्येक वर्ष नाफामा सञ्चालन भएको,
(ख) कम्पनीको प्रति शेयर नेटवर्थ (Net Worth) प्रति शेयर चूक्ता पूँजीभन्दा बढी भएको,
(ग) कुनै ऐन वा नीति अनुसार इजाजत प्रदान गर्दा नै सार्वजनिक निष्काशन गर्नुपर्ने वाध्यात्मक व्यवस्था गरिएको संगठित संस्थाहरुको हकमा संस्थापकहरुले खरीद गरे भन्दा बढी मूल्य हुने गरी सर्वसाधारणबाट मूल्य लिने व्यवस्था नभएको,
(घ) प्रिमियममा धितोपत्र निष्काशन गर्नुपर्ने कारण र प्रस्तावित प्रिमियम मूल्य उचित मान्न सकिने आधारहरु खुलाइएको,

तर लेखापरीक्षण गरिएको विवरण अनुसार लगातार पाँच वर्ष मुनाफामा रही लाभांश वितरण गरेका संगठित संस्थाले पचास प्रतिशत भन्दा बढी शेयर लगानी गरी स्थापना भएको सहायक कम्पनीले खण्ड (ग) मा उल्लेखित प्रावधान र कम्पनी ऐनको व्यवस्था पुरा गरेर प्रिमियममा शेयर निष्काशन गर्न बाधा पर्ने छैन ।

(८) निष्काशन गरिने धितोपत्र निष्काशन तथा बाँडफाँट भएपछि धितोपत्र कारोबार ऐन, २०४० तथा सो ऐन अन्तर्गत बनेका नियम, विनियम तथा निर्देशिका अनुसार सुचीकरण गर्न योग्य रहेको छ भन्ने बारे निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरेको हुनुपर्नेछ ।

(९) धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले कम्पनी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम राख्नुपर्ने हिसाब किताबको लेखापरीक्षण तथा साधारणसभा नियमानुसार सम्पन्न गरिसकेको हुनुपर्नेछ ।

[#1]"तर सम्बन्धित नियमन निकायले कुनै संगठित संस्थाको सञ्चालक समिति निलम्बन गरी आफ्नो नियन्त्रणमा लिई त्यस्तो संस्थाको व्यवस्थापन आफै वा कुनै उपयुक्त व्यक्ति, फर्म, कम्पनी वा संस्था नियुक्त गरी सो मार्फत गराएको अवस्थामा साधारण सभा सम्पन्न नभएको र सर्वसाधारण सम्मिलित भएको साधारण सभाबाट सर्वसाधारण समेतको प्रतिनिधित्व रहेको सञ्चालक समितिलाई व्यवस्थापन हस्तान्तरण गर्ने नियमन निकायबाट निर्देशन दिएको अवस्थामा सोही अनुरुपको व्यहोराहरु सार्वजनिक निष्काशनको लागि तयार भएको विवरणपत्रमा खुलाई उक्त विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयको स्विकृती लिई सो सहित धितोपत्र दर्ता तथा निष्काशन अनुमतिका लागि निवेदन प्राप्त भएमा साधारण सभाको हकमा धितोपत्र बोर्डले उपरोक्त व्यवस्थामा छुट दिन सक्नेछ ।

(१०) विवरणपत्रमा उल्लेख भएका आर्थिक, भौतिक, व्यवस्थापकीय र कारोबार सम्बन्धी विवरणहरु बढाई चढाई नगरिएको तथा अनुमानहरु तथ्यमा आधारित हुनुपर्नेछ ।

---

[#1] बोर्डको मिति २०६१।२।१४ को बैठकबाट थप ।

#(११) विवरणपत्रमा समावेश भएका प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा अन्य वित्तीय विवरणहरु संस्थाभन्दा बाहिरका नेपालमा दर्ता भएका विशेषज्ञ वा विशेषज्ञ संस्थाले विवरणहरुको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गरेको र कुनै टिप्पणी (Remarks) दिएको भए सो समेत उल्लेख हुनुपर्ने ।

## परिच्छेद : ३
## निवेदन, कागजात तथा विवरणहरु

### ३. निवेदन दिनुपर्ने :

कुनै पनि संगठित संस्थाले धितोपत्र दर्ता गरी निष्काशन अनुमति लिनको लागि धितोपत्र कारोबार नियमावली, २०५० को अनुसूची-५ बमोजिमको दस्तुर सहित सोही नियमावलीको अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

### ४. धितोपत्र दर्ता तथा निष्काशन अनुमतिका लागि दिइने निवेदन साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु :

(१) सार्वजनिक निष्काशनका लागि धितोपत्र बोर्डमा धितोपत्र दर्ता गराउन चाहने संगठित संस्थाले यसै निर्देशिकाको दफा ३ बमोजिम निवेदन दिंदा धितोपत्र कारोबार नियमावली, २०५० को नियम १७ को उपनियम (२) बमोजिमको विवरण तथा कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(२) धितोपत्र कारोबार नियमावली, २०५० मा तोकिए बमोजिमको अतिरिक्त देहायका विवरण तथा कागजातहरु समेत निवेदनसाथ पेश गर्नुपर्नेछः-

(क) संगठित संस्थाको जनशक्तिको विवरण,
(ख) संगठित संस्थाहरुको साहुहरुको विवरण,
(ग) संगठित संस्थाको कम्पनी सचिवको नाम, ठेगाना तथा योग्यता,
(घ) लेखापरीक्षकको नाम, ठेगाना, तथा योग्यता,
(ङ) निष्काशन तथा बिक्री प्रबन्धक संस्थासँगको सम्झौताको प्रतिलिपी,
(च) धितोपत्र प्रत्याभुति गरिएको भए सो सम्बन्धी सम्झौतापत्रको प्रतिलिपी,
(छ) विवरणपत्रमा प्रक्षेपण गरिएका वित्तीय विवरणका आधारहरु,
(ज) बैक तथा वित्तिय संस्थासँग ऋण लिएको भए वा लिने व्यवस्था गरिएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,
(झ) प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको कम्पनीको हकमा त्यसरी परिणत हुँदा कम्पनीको सम्पत्ति तथा दायित्व पूर्नमुल्यांकन गरिएको वा नगरिएको बारे जानकारी र यदि गरिएको भए सो सम्बन्धी विस्तृत विवरण,
(ञ) निष्काशन बैंकसँग भएको सम्झौताको प्रतिलिपी वा तत्सम्बन्धी विवरण,
#(ट) संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण सम्बन्धमा विशेषज्ञ वा विशेषज्ञ संस्थाले उक्त विवरण प्रक्षेपण/अनुमानको आधार तथा तरिकावारे आफ्नो व्यवसायिक ( professional) जवाफदेहिता रहने गरी पूनरावलोकन गर्दा विवरणहरु प्रति सन्तुष्ट भएको कुरा र कुनै टिप्पणी (remarks) भए सो समेत उल्लेख भएको पत्र ।

---

# बोर्डको मिति २०५८।४।१६ को बैठकबाट संशोधित

# बोर्डको मिति २०५८।४।१६ को बैठकबाट संशोधित

(ठ) विगत पाँच वर्षमा संगठित संस्थाको वास्तविक खुद मुनाफा सार्वजनिक निष्काशन गर्दा प्रकाशित विवरणपत्रमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण,

(३) निवेदनसाथ पेश गरेका कागजात तथा विवरणहरु धितोपत्र कारोबार नियमावली, २०५० को नियम १७ को उपनियम २ अनुसार संगठित संस्थाको कम्तिमा दुईजना सञ्चालकहरुबाट प्रमाणित भएको हुनुपर्नेछ ।

## ५. <u>प्रबन्धपत्र र नियमावलीमा हुनुपर्ने ब्यवस्थाहरु</u> :

संगठित संस्था कम्पनी ऐन अन्तर्गत स्थापित कम्पनी भएमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा कम्पनी ऐनले तोकेका कुराहरुको अतिरिक्त लगानीकर्ताहरुको हित संरक्षणका लागि संचालक समितिमा सर्वसाधारणको उचित प्रतिनिधित्व हुने व्यवस्था, सर्वसाधारणलाई छुट्टाइएको शेयरमा संस्थापक वा नियन्त्रक शेयरधनी समुहबाट हस्तक्षेप नहुने व्यवस्था, शेयरवालाहरुको अधिकार, साधारण सभा सम्बन्धी व्यवस्था, धितोपत्र खरीद बिक्री भएकोमा सरल तरीकाबाट धितोपत्र दाखिला खारेज हुने व्यवस्था गरी कार्यविधिहरु समेत स्पष्टरुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

## ६. <u>विवरणपत्रमा खुलाउनुपर्ने कुराहरु</u> :

बोर्डमा उपलब्ध गराइएको विवरणपत्र तथा अन्य जानकारीहरु यो निर्देशिकामा भएको व्यवस्था अनुरुप छ छैन जाँचबुझ (Vetting) गरी बोर्डले धितोपत्र कारोबार ऐन, २०४० को अधिनमा रही विवरणपत्र मार्फत धितोपत्र निष्काशन गर्नका लागि धितोपत्र दर्ता गरी निष्काशन अनुमति प्रदान गर्ने छ । विवरणपत्रमा उल्लेखित विवरण तथा जानकारीको सत्यता, यर्थाथता तथा यथेष्टताको जिम्मेवारी निष्काशनकर्ता, यसका सञ्चालकहरु, मूल्याङ्कनकर्ता, लेखापरीक्षकमा रहने र सो प्रति निष्काशन तथा बिक्री प्रबन्धक सन्तुष्ट भई बोर्डलाई दिएको प्रमाणपत्र (Due Deligence Certificate) को आधारमा बोर्डले विवरणहरुको जाँचबुझ गरी धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रदान गर्ने छ । सार्वजनिक प्रकाशनका लागि तयार गरिएको विवरणपत्रमा निम्न कुराहरु खुलाइएको हुनुपर्ने छ :

(१) संगठित संस्थाले साधारण शेयर, अग्राधिकार शेयर, डिबेञ्चर र हकप्रद शेयर निष्काशन गर्दा कम्पनी ऐनको ब्यवस्था लागु हुने संगठित संस्थाको हकमा कम्पनी ऐनले व्यवस्था गरेका कुराहरु र अन्य विशेष ऐन लागु हुने संगठित संस्थाको हकमा सो ऐन अनुसारको विवरणपत्रमा उल्लेख हुनुपर्ने भनी तोकिएका कुराहरु तथा धितोपत्र कारोबार ऐन र धितोपत्र कारोबार नियमावलीले व्यवस्था गरेको कुराहरु सिलसिलावद्धरुपमा उल्लेख भएको हुनुपर्ने छ ।

(२) उपदफा (१) मा उल्लेखित कुराहरुको अतिरिक्त विवरणपत्रमा देहायका सम्बन्धमा समेत स्पष्ट उल्लेख भएको हुनुपर्ने छ :–

(क) सार्वजनिकरुपमा धितोपत्र जारी गर्नुको उद्देश्य र रु. पाँच करोडभन्दा बढी रकमको धितोपत्र जारी गरी पूँजी उठाइने भएमा उठाइएको पूँजीबाट गरिने कामहरु र त्यस्तो कामहरुमा उपयोग हुने रकम सम्बन्धी विवरण,

(ख) संस्थापक/सञ्चालकहरुलाई चिनाउने खालको संक्षिप्त जानकारी : निजहरुको योग्यता, अनुभव, व्यवसायिक समूह र अन्य व्यवसायसँगको संलग्नता,

(ग) उत्पादन तथा सेवाको बजार स्थिति सम्बन्धी जानकारी,

(घ) चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी आर्थिक दायित्व व्यहोर्नपर्ने खालका मुद्दामामिला वा सम्झौता सम्बन्धी विवाद भए सो को विवरण,

(ङ) विदेशी लगानी र व्यवस्थापनमा सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य बूँदाहरु,

(च) आगामी तीन वर्षको प्रक्षेपित नेटवर्थ, नाफा नोक्सान हिसाब, वासलातका साथै त्यसका गणनाको आधारहरु र उक्त विवरण तयार गर्ने व्यक्ति भएमा नाम, थर, ठेगाना, शैक्षिक योग्यता, व्यवसायिक अनुभव र संस्था भएमा नाम, ठेगाना र व्यवसायिक अनुभव,

(छ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको वासलात, नाफा नोक्सान हिसाब र नेट वोर्थ,

(ज) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, ठेगाना, शैक्षिक योग्यता र अनुभवको विवरण,

(झ) शेयर निष्काशन गर्नुपूर्वको पूँजी र निष्काशनपश्चात हुने पूँजीको विवरण,

(ञ) निष्काशनपुर्व लगानीकर्ताहरुको नाम, ठेगाना, शेयर संख्या र रकम सम्बन्धी विवरण र सर्वसाधारण समक्ष शेयर बिक्री वितरण पश्चात हुने संरचना ।

(ट) ऋण लिएको वा डिवेञ्चर जारी गरेको भएमा सो सम्बन्धमा कम्पनी ऐनको दफा ३० बमोजिम कार्य पूरा भएको जानकारी,

(ठ) विगत पाँच वर्षभित्र प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको भए यसरी परिणत हुँदा कम्पनीको सम्पत्तिको मूल्यांकन भए नभएको र भएको भए सो सम्बन्धी मूल्यांकन तरिका र विवरण,

(ड) लगानीकर्तालाई लगानी सम्बन्धी विवेकपूर्ण निर्णयमा पुग्न सहयोग पुग्ने खालको अन्य जानकारी,

(३) कर्मचारी बचत वृद्धि कार्यक्रम वा प्रचलित कानुन अनुसार मान्यता प्राप्त गरेका एकांक वा सामूहिक बचत योजना जस्ता कार्यक्रमहरुलाई शेयर सुरक्षित गरिएको अवस्थामा विवरणपत्रको बाहिरी पृष्ठमा सर्वसाधारणलाई खुद बाँडफाँट गरिने शेयर संख्या स्पष्टरुपमा उल्लेख गरिनुपर्ने छ ।

(४) संगठित संस्थाको व्यवसाय सञ्चालनमा देहाय अनुसारको जोखिम तथा त्यसमा व्यवस्थापनको प्रतिकृया वा धारणा विवरणपत्रमा उल्लेख भएको हुनुपर्ने छ :-

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम,

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम,

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम,

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम,

(ङ) विदेशी मुद्रा विनिमय दरको घटबढबाट हुने जोखिम,

(च) कानुनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु,

(छ) क्षेत्रियकरण र विश्वव्यापिकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु,

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरु,

(झ) सञ्चालित इतिहासको अभाव,

(ञ) अन्य आवश्यक कुराहरु,

[#1](४क) धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

[#1] बोर्डको मिति २०६०।१०।१४ को बैठकबाट थप

धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र विनिमय बजारमा हुने कारोबार मूल्य नजनाउने र धितोपत्रमा मूल्य परिवर्तनको जोखिम रहने कुरा उल्लेख गरिएको हुनुपर्दछ ।

[#1](५) विवरणपत्रको आवरण पृष्ठमा स्पष्ट बुझिने गरी बक्स भित्र देहायको व्यहोरा उल्लेख गर्नु पर्नेछः-

यो विवरणपत्रमा उल्लिखित विवरण तथा जानकारीको सत्यताप्रति यो ……………… (निष्काशनकर्ताको नाम), यसका संचालक र सम्बन्धित विशेषज्ञको जवाफदेहिता रहेको छ । यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट निष्काशन तथा बिक्री प्रबन्धक सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत हुने भनी निष्काशन तथा विक्री प्रबन्धकले धितोपत्र बोर्डमा प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेको छ । यो धितोपत्र मिति ……… मा धितोपत्र बोर्डमा दर्ता भै निष्काशन अनुमति प्राप्त भएको छ ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम वारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ ।

[#1](६) आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायले दिएको निर्देशनहरुको पालना गरेको र विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु सोही अनुरुप तयार भएको उद्घोषण (Declaration) गरी त्यसमा कुनै कैफियत भए सो समेत उल्लेख गर्नुपर्ने ।

## परिच्छेद : ४
## धितोपत्रको दर्ता, निष्काशन अनुमति, दरखास्त आह्वान, रकम संकलन र फिर्ता सम्बन्धी

**७. धितोपत्र दर्ता गरी निष्काशन अनुमति दिइने :**

प्रचलित कानुन बमोजिम र यस निर्देशिकाको परिच्छेद-३ बमोजिम प्रक्रिया पुरा भएका संगठित संस्थाले पेश गरेको विवरण तथा कागजात सम्बन्धमा आवश्यक जाँचबुझ तथा आवश्यकतानुसार निरीक्षणसमेत गर्दा निष्काशन अनुमति दिन उचित देखिएमा धितोपत्र बार्डले संगठित संस्थाको धितोपत्रहरु दर्ता गरी धितोपत्र कारोबार नियमावलीको अनुसूची-७ को ढाँचामा धितोपत्र निष्काशन अनुमतिपत्र प्रदान गर्ने छ ।

**८. कागजातको निरीक्षण :**

बोर्डबाट प्राप्त निष्काशन अनुमतिपत्रको प्रतिलिपी, तोकिएका शर्तहरु र बोर्डमा धितोपत्र दर्ता र निष्काशन अनुमति प्रदान गर्ने प्रयोजनका लागि पेश गरेका विवरणहरुको एक एक प्रति निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरी दरखास्त वितरण गर्ने कार्यालयहरु र निष्काशनकर्ता संगठित संस्थाको मुख्य कार्यालयमा राख्नुपर्ने छ । उक्त विवरणहरु इच्छुक लगानीकर्ताले हेर्न चाहेमा हेर्न दिने र प्रतिलिपी माग गरेमा उचित शुल्क लिई प्रतिलिपी उपलब्ध गराउनुपर्ने छ ।

**९. निष्काशन खुल्ला गरिसक्नुपर्ने अवधि :**

---

[#1] बोर्डको मिति २०६०।७।२४ को बैठकबाट थप
[#1] बोर्डको मिति २०६१।३।७ को बैठकबाट थप

(१) संगठित संस्थाले बोर्डबाट धितोपत्र निष्काशन अनुमति प्राप्त गरेको मितिबाट दुई महिनाभित्र धितोपत्रको बिक्री खुल्ला गरिसक्नुपर्ने छ । त्यसो गर्दा लामो सार्वजनिक बिदा पर्ने वा एकै समयमा धेरै धितोपत्र निष्काशन भएको अवस्था आउन नदिन सतर्कता अपनाउनुपर्ने छ ।

#(२) बोर्डमा प्रस्तुत गरिएको विवरणपत्र लगायत सार्वजनिक हुने कागजातहरुमा संगठित संस्थाले समावेश गरेका विवरणहरुमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताहरुको निर्णयमा खास असर पर्ने गरी परिवर्तन भएमा सो विवरणपत्रमा समावेश गरी विवरणपत्र संशोधन गरेर मात्र आव्हानपत्र प्रकाशित गर्नुपर्ने छ र शेयर बिक्री आव्हान प्रकाशित गर्ने मितिमा त्यस्तो परिवर्तन नभएमा त्यस्तो परिवर्तन नभएको कुराका साथै यस निर्देशिकाको दफा ६ को उपदफा (६) बमोजिम सम्बन्धित संगठित संस्थाले विवरणपत्रमा गरेको उद्घोषण (Declaration) सम्बन्धमा सम्बन्धित नियमन निकायले कुनै कैफियत जनाएको छ/छैन सो सम्बन्धी विवरण सम्बन्धित संगठित संस्थाले बोर्डलाई जानकारी गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र निष्काशन गर्न नसकिएमा उक्त अवधिमा संगठित संस्थाको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षहरुको पुनरावलोकन गरी कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको कुरा उल्लेख गरी तयार गरिएको विवरणपत्र संशोधन स्वीकृत गराई तदनुसार बोर्डमा दर्ता गरेपछि मात्र निष्काशन खुल्ला गर्नुपर्ने छ ।

**१०. धितोपत्र बिक्री खुला रहने अवधि र स्थान :**

(१) दरखास्त लिने कार्य बिक्री खुला भएको मितिबाट अधिकतम एक महिनासम्म खुला राख्न सकिनेछ ।

यस अवधिभित्र धितोपत्र पुरा बिक्री हुन नसकेमा धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई बढीमा १५ कार्य दिनसम्म म्याद थप गराई बिक्री गर्न सकिने छ ।

(२) शेयरका लागि आवेदन लिने कार्य कम्तीमा ७ कार्य दिनका लागि खुला राख्नु पर्दछ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फाराम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कूल १० वटा केन्द्रको व्यवस्था गरिएकोमा कम्तीमा ५ कार्य दिन खुला राखे पुग्दछ ।

(३) अंकित मूल्य रु. ३ करोड वा सो भन्दा बढी मूल्यको धितोपत्र बिक्री वितरण गर्दा नेपाल अधिराज्यको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एउटा दरखास्त र विवरणपत्र वितरण तथा दरखास्त संकलन केन्द्रको व्यवस्था गर्नुपर्ने छ ।

(४) हकप्रद शेयर बिक्री खुला हुने अवधि ३५ दिन भन्दा कम र ६० दिन भन्दा बढी नहुने गरी व्यवस्था मिलाउनुपर्ने छ ।

**११. दरखास्त दिने न्यूनतम शेयर संख्या र दरखास्तसाथ माग गर्न सकिने पेश्की रकम :**

(१) निष्काशन गरिने धितोपत्र साधारण शेयर भएमा दरखास्त दिन सकिने न्यूनतम सीमा ५० कित्ता भन्दा बढी नहुने गरी व्यवस्था गर्नुपर्ने छ ।

---

# बोर्डको मिति २०६१।३।७ को बैठकबाट संशोधित

तर सार्वजनिकरुपमा निष्काशन तथा कारोबार हुने सामूहिक बचत योजनाहरुको लागि सार्वजनिक निष्काशनको कम्तीमा ५ प्रतिशत शेयर निष्काशन गरिएको अवस्थामा न्यूनतम सीमा १०० कित्ता भन्दा बढी नहुने गरी व्यवस्था गर्न सकिने छ ।

(२) उपदफा १ अनुसारको व्यवस्थाले धितोपत्र विनिमय बजारले तोकेको कारोबार एकाई (Trading Lot) अनुसार हुने गरी कम संख्यामा दरखास्त दिन र धितोपत्र बाँडफाँट गर्न वाधा पुर्‍याएको मानिने छैन ।

(३) संगठित संस्थाले शेयर खरीदको लागि दरखास्त आह्वान गर्दा कम्पनी ऐनमा भएको व्यवस्था अनुसार प्रति शेयरको अंकित मूल्यको पचास प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्नु हुँदैन । तर सञ्चालनमा रहेका कम्पनीले आफ्नो अघिल्लो ३ वर्षको वासलात प्रकाशन गरी पूँजी उठाउँदा ५० प्रतिशतभन्दा बढी रकम दरखास्तसाथ माग गर्न सक्ने छ ।

(४) संगठित संस्थाले शेयर खरीदको लागि दरखास्त आह्वान गर्दा संस्थापक/सञ्चालकहरुले भुक्तानी गरेको धितोपत्रको चुक्ता मूल्य भन्दा बढी हुने गरी धितोपत्रको रकम माग गर्न पाइने छैन् ।

## १२. **आह्वानपत्र, प्रचार-प्रसार/विज्ञापन सम्बन्धी व्यवस्था** :

(१) धितोपत्र निष्काशन सम्बन्धी आह्वानपत्र वा/र बिज्ञापन प्रकाशित गर्दा धितोपत्र निष्काशन गर्ने संस्थाले निष्काशनसँग सम्बन्धी (व्यवस्थापकीय, प्राविधिक र आर्थिक सम्बन्धी) कुराहरुलाई बढाई चढाई नगरी वास्तविक तथा यथार्थतामा आधारित सूचनाहरुमात्र प्रकाशन तथा प्रचार प्रसार गर्नुपर्ने छ ।

(२) धितोपत्र बिक्री खुला हुने दिनभन्दा कम्तीमा ७ दिन र बढीमा १५ दिन अगावै सम्बन्धित संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत निष्काशन सम्बन्धी आह्वानपत्र वा अन्य सूचना सार्वजनिकरुपमा प्रकाशित गर्नुपर्ने छ र त्यसरी प्रकाशित गरिने आह्वानपत्र वा अन्य सूचनामा देहायको कुराको जानकारी गराउनुपर्ने छ :-

(क) विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्नसक्ने ठाउँ,
(ख) दरखास्त फाराम भर्ने तरीका, बुझाउनुपर्ने रकम, दरखास्त बुझाउने बैंक, वित्तीय संस्था र संकलन केन्द्रको नाम ठेगाना र निष्काशन बैंकको बैंक खाता नम्बरहरु,
(ग) धितोपत्रको लागि दरखास्त फाराम प्राप्त गर्न नसक्ने इच्छुक लगानीकर्ताहरुको लागि दरखास्तको नमुना,
(घ) स्वीकृत विवरणपत्रको संक्षिप्त जानकारी हुने गरी त्यसमा उल्लेख भएका मुख्य मुख्य कुराहरु,
(ङ) निष्काशन क्रममा लगानीकर्ताहरुको गुनासा सुन्न तथा त्यसको समाधानका लागि गरिएको व्यवस्था,

(३) संगठित संस्थाले आफुले निष्काशन गर्न लागेको धितोपत्रको सर्वसाधारणको जानकारीको लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सार्वजनिक संचारको माध्यमबाट पर्याप्त प्रचार-प्रसार/विज्ञापन गर्नुपर्ने छ ।

(४) निष्काशनकर्ता संगठित संस्था र निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र निष्काशन खुल्ला रहेको अवधिमा तथ्यले पुष्टी गर्ने बाहेक धितोपत्रको माग अत्याधिक भएको आसयको प्रचार प्रसार गर्न हुँदैन ।

(५) धितोपत्रको वितरण न्यायोचित हुने गरी देहाय अनुसारको व्यवस्था गरिएको हुनुपर्छ :-

(क) एक व्यक्तिले एकभन्दा बढी दरखास्त दिन नपाउने,

(ख) आमा वा बाबुले नावालक छोरा छोरीको हकमा दरखास्त दिंदा नावालकको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने,

(ग) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्ने,

[##](घ) सार्वजनिक निष्काशन भएको धितोपत्र खरीद गर्न पेश गरेको दरखास्त फारामसाथ सम्बन्धित दरखास्तवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि दरखास्तवाला स्वयंले प्रमाणित गरी समावेश गर्नुपर्ने,

[#1](ङ) रु. ५०,०००।- सम्म लगानी गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५०,०००।- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय कम्पनीको नाम, ठेगाना र खाता नम्बर समेत दरखास्त फाराममा खुलाउनुपर्ने गरी व्यवस्था मिलाउनुपर्ने ।

[#1](च) आफ्नो खाता नम्बर दिएको दरखास्तवालालाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय कम्पनीमा रहेको त्यस्तो दरखास्तवालाको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिनुपर्ने व्यवस्था गर्ने ।
तर रकम फिर्ता भुक्तानी पाउने दरखास्तवालाले स्पष्ट कारण खोली खातामा जम्मा नहुने गरी भुक्तानी पाउन दरखास्त दिएमा कारण र औचित्य हेरी खातामा जम्मा गर्नुनपर्ने गरी पनि भुक्तानी दिन सकिनेछ ।

[##](छ) दरखास्तवालाको आफ्नो खातामा रकम जम्मा हुने अवस्थामा बाहेक अन्य दरखास्तवालाहरुलाई रकम फिर्ता दिंदा खण्ड (घ) बमोजिम दरखास्त साथ पेश गरेको नागरिकता प्रमाणपत्रको सक्कल प्रतिको आधारमा सहि दरखास्तवाला पहिचान गरी रकम फिर्ता दिने व्यवस्था गर्नुपर्नेछ र बाँडफाँडमा परेका सम्पूर्ण दरखास्तवालाहरुलाई प्रमाणपत्र वितरण गर्दा पनि सहि दरखास्तवाला पहिचान गरेर मात्र प्रमाणपत्र वितरण गर्नुपर्नेछ ।

**१३. <u>धितोपत्रको अंकित मूल्य</u> :**

साधारणतया धितोपत्रको मूल्य देहाय अनुसार हुनुपर्ने छ :

(क) निष्काशन गरिने धितोपत्र शेयर भएमा प्रतिशेयर मुल्य रु.१००।-
(ख) निष्काशन गरिने धितोपत्र डिवेञ्चर भएमा प्रति डिबेञ्चर मूल्य रु.१०००।-
(ग) एकांक बचत तथा सामूहिक बचत कार्यक्रम अन्तर्गतको धितोपत्र भएमा प्रति इकाई मूल्य रु. १०।- वा रु. १००।-

**१४. <u>निष्काशन तथा बिक्री प्रबन्धकर्ता</u> :**

[##] बोर्डको मिति २०६३।६।५ को बैठकबाट संशोधन
[#1] बोर्डको मिति २०६२।३।३० को बैठकबाट थप

संगठित संस्थाले धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य बोर्डमा दर्ता भएको धितोपत्र व्यवसायी मार्फत मात्र गराउनुपर्ने छ ।

**१५. <u>दरखास्तसाथ रकम संकलन र संरक्षण</u> :**

(१) निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको लागि दरखास्तसाथ प्राप्त रकम कुनै बाणिज्य बैंक ( निष्काशन बैंक) मा रहेको खातामा जम्मा हुने गरी प्रबन्ध मिलाउनुपर्ने छ ।

(२) वित्तीय संस्था मार्फत दरखास्त संकलन गर्ने व्यवस्था मिलाइएकोमा त्यस्तो संकलन केन्द्रमा जम्मा भएको रकम हरेक दिन वा त्यसको भोलिपल्ट निष्काशन बैंकको खातामा जम्मा गर्नुपर्ने छ ।

(३) धितोपत्र खरीदको लागि दरखास्तसाथ प्राप्त पेश्की रकम धितोपत्र बाँडफाँट नभएसम्म निष्काशन प्रबन्धक र निष्काशन बैंकको संयुक्त संरक्षण (Custody) मा रहने व्यवस्था गर्नुपर्ने छ ।

## परिच्छेद : ५
## धितोपत्रको प्रत्याभूति, बाँडफाँट रकम फिर्ता र सूचीकरण सम्बन्धी

**१६. <u>धितोपत्रको प्रत्याभूति गराउनुपर्ने</u> :**

पर्यटन, यातायात, व्यापारिक र औद्योगिक व्यवसाय गर्न स्थापित संगठित संस्थाले साधारण शेयर निष्काशन गर्दा प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरेका धितोपत्र व्यवसायीबाट प्रत्याभूति गराएर मात्र धितोपत्र निष्काशन गर्नुपर्ने छ । तर बैंक वा वित्तीय संस्थाबाट खुद सम्पत्ति (Net worth) को कम्तीमा ५० प्रतिशत हुने गरी ऋण लिने व्यवस्था मिलाई परियोजना मूल्यांकन गराएको अवस्थामा प्रत्याभूति गर्न नपर्ने गरी बोर्डले छुट दिन सक्ने छ ।

**१७. <u>धितोपत्रको बाँडफाँट</u> :**

(१) निष्काशन गरिएको भन्दा बढी मात्रामा धितोपत्रको माग हुन आएमा निष्काशनकर्ता संगठित संस्थाले निष्काशन प्रबन्धक तथा धितोपत्र विनिमय बजारको सहमति लिई धितोपत्र बोर्डद्वारा जारी गरिएको “शेयर बाँडफाँट सम्बन्धी निर्देशिका, २०५१” बमोजिम बाँडफाँट गर्नुपर्ने छ । धितोपत्र बाँडफाँट भएको सात दिनभित्र त्यस्तो बाँडफाँटको आधार र विवरण बोर्डमा पेश गर्नुपर्ने छ ।

(२) एकपटक सार्वजनिक निष्काशन गर्ने भनी विवरणपत्रमा उल्लेख गरी छुट्याएको धितोपत्र कुनै खास व्यक्ति वा बर्गको लागि प्राथमिकता बाँडफाँट (Preference Allotment) गर्न पाइने छैन ।

तर विवरणपत्रद्वारा नै कर्मचारी वा प्रचलित कानुन अनुसार मान्यता प्राप्त गरेका एकांक वा सामूहिक बचत योजना जस्ता कार्यक्रमहरुलाई सुरक्षित गरिएको अवस्थामा प्राथमिकता बाँडफाँट गर्न बाधा पर्ने छैन ।

(३) निष्काशित शेयरको बाँडफाँट कार्यमा व्यवहारिक कठिनाई उत्पन्न भई बाँडफाँट कार्यलाई लचिलो बनाउनुपर्ने आवश्यकता भएमा संगठित संस्थाले देहायको शर्तहरु पूरा गरी बोर्डलाई अनुरोध गरेको अवस्थामा संगठित संस्थाले आह्वान गरेको पूँजीको पाँच प्रतिशतमा नबढ्ने गरी थप शेयर निष्काशन गर्न अनुमति दिन सक्ने छ :

(क) प्रबन्धपत्र र नियमावली अनुसार संगठित संस्थाको पूँजी संरचना तथा सञ्चालक समितिको बनौट थप शेयर जारी गर्न अनुकूल रहेको,
(ख) विवरणपत्रमा नै थप शेयर बाँडफाँट गर्न सकिने कुरा उल्लेख भएको,
(ग) थप पूँजीको दर्ता दस्तुर प्राप्त भएको,
(घ) कम्पनी रजिष्ट्रारको कार्यालयबाट सहमति प्राप्त भएको,
(ङ) त्यसरी थप निष्काशन गरिएको पूँजी सम्बन्धी विवरण र औचित्य सर्वसाधारणलाई जानकारी गराउन प्रचार प्रसार गर्न मन्जुर भएको ।

**१८. दरखास्त वापतको रकम फिर्ता गरिसक्नुपर्ने अवधि :**

धितोपत्र बिक्री बन्द भएपछि देहाय बमोजिमको परिमाणमा दरखास्त प्राप्त भएमा देहायमा तोकिए बमोजिमको समयभित्र दरखास्तवालाहरुलाई बाँडफाँटपत्र र फिर्ता भुक्तानी पूर्जा वा चेकमार्फत भुक्तानी दिनुपर्ने छ । तोकिएको समयावधिभित्र बाँडफाँटपत्र र फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको कम्पनी ऐनले तोके बमोजिमको व्याजसहित हिसाब गरी रकम फिर्ता भुक्तानी दिनु निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकको संयुक्त दायित्व हुने छ ।

| धितोपत्र खरीदको लागि प्राप्त दरखास्तको परिमाण | भुक्तानी दिई सक्नुपर्ने अवधि |
|---|---|
| १५,००० सम्म | ४५ दिन |
| १५,००१ देखि ६०,००० सम्म | ६० दिन |
| ६०,००१ देखि १,००,०० सम्म | ७५ दिन |
| १,००,००१ देखि माथि जतिसुकै भएपनि | ९० दिन |

**१९. सूचीकरण गरिसक्नुपर्ने अवधि :**

(१) खुलारुपमा वा परिपत्र विधिद्वारा निष्काशित धितोपत्रहरु सार्वजनिकरुपमा कारोबार हुन सक्ने गराउन निष्काशित धितोपत्रको बाँडफाँट भएको ४५ दिनभित्र धितोपत्र विनिमय बजारमा सूचीकरण गराई खरीद बिक्रीको व्यवस्था मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) मा तोकिएको अवधिभित्र सूचीकरण हुन नसकेको अवस्थामा सूचीकरण हुन नसकेको मनासिव माफिकको कारण खोली बोर्डमा निवेदन दिएमा बोर्डले यसरी सूचीकरण हुने म्याद बढीमा ३० दिनसम्म थप गरी दिन सक्ने छ ।

**२०. सूचीकरण सम्बन्धमा ध्यान दिनुपर्ने :**

संगठित संस्थाको धितोपत्र सूचीकरण गराउने सम्बन्धमा देहायको कुरामा ध्यान दिनुपर्ने छ :-

(क) धितोपत्र बजारले तोकेको सार्वजनिक निष्काशनको प्रतिशत,
(ख) धितोपत्र ग्रहणकर्ताको संख्या,
(ग) निष्काशन भएका धितोपत्रहरुको निर्वाध हस्तान्तरणको व्यवस्था,
(घ) धितोपत्र बजारको सूचीकरण र कारोबार व्यवस्था अनुरुप तोकिएका अन्य कुरा,

(ङ) निष्काशित हकप्रद शेयर सूचीकरण गर्नु अगावै शेयर बापतको पूरा रकम चुक्ता गरिसकिएको हुनुपर्ने कुरा,

## परिच्छेद : ६
## विविध

**२१. संस्थापक र सञ्चालकले धितोपत्र खरीद तथा बिक्री गर्ने :**

(१) सार्वजनिक निष्काशन गर्न भनी छुट्याइएको धितोपत्र सम्बन्धित संस्थापक वा निज संलग्न व्यवसायिक समूहले लिन पाउने छैन ।

तर, त्यस्तो धितोपत्रको दरखास्त खुल्ला रहने भनी तोकिएको दिनभित्र पूरा बिक्री नभएको अवस्थामा भने यो प्रतिवन्द लागू हुने छैन ।

#२ (क) कम्पनी ऐनले तोकेको ब्यवस्थाको अधिनमा रही संस्थापकहरुले लिएको शेयर कम्पनीको विवरणपत्र प्रकाशन गरेको मिति वा कम्पनीको कारोबार सञ्चालन भएको मितिबाट ३ वर्ष जुनपछि हुन्छ सो अवधि पूरा नभई बिक्री गर्न पाउने छैन ।

(ख) दफा २१ को उपदफा २ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कानुनीरुपमा सार्वजनिक निष्काशन गर्नुपर्ने गरी स्थापित बैंक तथा वित्त कम्पनीका संस्थापकहरुले लिएको शेयर सम्बन्धित बैंक वा वित्त कम्पनी सञ्चालनमा आएको ५ वर्ष पूरा नभै, सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीमा उल्लेख भए अनुसारको शेयर सार्वजनिक निष्काशन गरी कम्तिमा दुइवटा साधारण सभा सम्पन्न नभई र उक्त कम्पनीको शेयर धितोपत्र बजारमा सूचीकृत नभई बिक्री गर्न पाउने छैन ।

(ग) संस्थाको चुक्ता पूँजीको ५ प्रतिशत भन्दा बढी धितोपत्र लिने संस्थापकले खण्ड (क) र (ख) को व्यवस्था पूरा गरेपछि बिक्री गर्दा बोर्डलाई पूर्व जानकारी दिएपछि मात्र धितोपत्र विनिमय बजारमा भएको प्रक्रिया अनुसार बिक्री गर्नुपर्ने छ ।

(३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीले शेयरवालाहरुको समूह कायम गरी स्वामित्व र सञ्चालक समितिको व्यवस्था गरेको अवस्थामा संगठित संस्थाको शेयर जुन समूहबाट बिक्री गरिएको हो सोही समूहमा राखी तदनुसार मताधिकार रहने व्यवस्था गर्नुपर्ने छ । अन्यथा सञ्चालक समितिको बनौटमा समेत समानुपातिक परिवर्तन गरेर मात्र स्वामित्व परिवर्तन गर्न पाइने छ ।

**२२. साधारणसभा गराउने :**

शेयर निष्काशनका लागि अनुमति प्राप्त गरिसकेको संगठित संस्थाले नयाँ शेयरधनीहरु समेत समावेश नभै साधारणसभा गर्नु हुँदैन ।

तर बाध्यात्मक अवस्था परी साधारणसभा गर्नु परेमा सो साधारण सभा नयाँ लगानीकर्ताहरुको हित विपरीत नहुने प्रतिवद्धता सहित साधारण सभा गर्नुको कारण, औचित्य र सभामा छलफल हुने विषयहरु खुलाई बोर्डमा निवेदन दिएमा बोर्डले साधारण सभा गर्न अनुमति दिन सक्ने छ ।

---

# बोर्डको मिति २०५९।१२।१४ को बैठकबाट संशोधित

२३. **लगानीकर्ताको गुनासो सुन्ने तथा समाधान गर्ने :**

आफुले निष्काशन गरेको धितोपत्रको सम्बन्धमा वा आफुले गरेको निष्काशन सम्बन्धी कुनै कार्य सम्बन्धमा गुनासो सुन्ने तथा समाधानका लागि आफ्नो संस्थामा एउटा छुट्टै इकाई खडा गरी वा स्पष्टरुपमा तोकी यथाशिघ्र समाधान गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

२४. **पालना गर्नुपर्ने :**

कुनै पनि संगठित संस्थाले साधारण शेयर, अग्राधिकार शेयर, डिबेञ्चर, हकप्रद शेयर जस्ता धितोपत्रहरुको सार्वजनिक निष्काशन गर्दा वा परिपत्र विधिद्वारा धितोपत्र बिक्री गर्दा धितोपत्र कारोबार ऐन, २०४० तथा धितोपत्र कारोबार नियमावली, २०५० ले गरेको व्यवस्था र यस निर्देशिकामा उल्लेखित व्यवस्थाहरु पूर्णरुपमा पालना गर्नु गराउनुपर्ने छ ।

२५. **निर्देशिकाको व्याख्या :**

यो निर्देशिकामा लेखिएका कुराहरु कार्यान्वयन गर्ने सिलसिलामा कुनै कठिनाई पर्न आएमा वा निर्देशिकाको कुनै व्यवस्था अस्पष्ट भएमा वा दुविधा जनक देखिएकोमा बोर्डले सो को व्याख्या गर्न वा परिपत्र जारी गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२६. **खारेजी र बचाउ :**

(१) धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धी व्यवस्था र शर्तहरु, २०५१ खारेज गरिएको छ ।

(२) धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धी व्यवस्था र शर्तहरु, २०५१ बमोजिम भए गरेका काम कार्यवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

***